खोटेहाङ गाउँपालिका

# वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि अनुदान परिचालन कार्यविधि–२०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०९/१६

खोटेहाङ गाउँपालिका

खोटाङ जिल्ला

१ नं प्रदेश

# प्रस्तावना

वैदेशिक रोजगारको क्रममा प्राप्त अनुभव र अनुभूतिहरुलाई उपयोग गर्दै स्वदेश फर्केर व्यवसायिक कृषि/पशुपालन पेशामा आवद्ध हुने नेपाली युवाहरुको संख्या बढिरहेको छ । विदेशमा प्राप्त सीप र उर्जालाई स्वदेशमा उपयोग गर्न सक्ने वातावरण निर्माण गर्न सक्ने हो भने आन्तरिक उत्पादनको वृद्धिसँगै रोजगारीका अवसरहरु सिर्जना हुने निश्चित छ । विदेशबाट फर्केर देश भित्रै कृषि/पशुपालन पेशामा व्यवसायिक रुपले सक्रिय हुन चाहने वा सक्रिय भइरहेका युवाहरुको मनोबल बढाउन तथा उनीहरुको व्यवसायिकतामा सहयोग पुर्याउन बान्छनीय भएकोले यो कार्यविधि जारी गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भः-

(क) यस कार्यविधिको नाम **वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि अनुदान परिचालन कार्यविधि-२०७७** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २) परिभाषाः

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"कार्यपालिका"** भन्नाले खोटेहाङ गाउँकार्यपालिकालाई बुझ्नु पर्छ ।

(ख) **"समिति"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि विकास समितिलाई बुझ्नु पर्छ ।

(ग) **"शाखा"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि तथा पशु विकास शाखालाई बुझ्नु पर्छ ।

(घ) **"वडा कार्यालय"** भन्नाले खोटेहाङ गाउँपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्छ ।

(ङ) **"मुल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको बुँदा नं ४ बमोजिम गठन भएको समितिलाई बुझ्नु पर्दछ ।

(च) **"वैदेशिक रोजगारबाट फर्केका"** भन्नाले अर्थोपार्जन वा अध्ययन आदिको सिलसिलामा नेपालभन्दा वाहिर कुनै पनि देशमा घटीमा ६ महिना बसी स्वदेश फर्केका नेपाली नागरिकहरुलाई बुझ्नु पर्दछ । तर यस कार्यविधि अनुसारको अनुदान प्राप्त गर्न बैदेशिक रोजगारबाट फर्केको कम्तीमा ६ महिना र बढीमा दुई वर्ष तथा उमेरको हकमा ५० वर्ष ननाघेको हुन आवश्यक छ ।

(ज) **"उद्यमी/व्यवसायी"** भन्नाले गाउँपालिका तथा करदाता कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गरेका कृषि/पशु फार्म तथा व्यवसायिक कृषकहरुलाई बुझ्नु पर्दछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# परिच्छेद-२

## प्रस्ताव आह्वान र मुल्याङकन सम्बन्धि व्यवस्था

### ३) प्रस्ताव आह्वान

(क) यस कार्यविधि बमोजिम कृषि तथा पशुपालनमा अनुदानमा उपलब्ध गराउन गाउँपालिकाको कृषि तथा पशु विकास शाखाले तोकिएको ढाँचामा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई स्थानीय पत्रपत्रिका, स्थानीय रेडियो, गाउँपालिकाको वेभसाइट, फेसबुक पेज आदि मार्फत कम्तीमा १५ दिनको समय दिएर प्रस्ताव आह्वान गर्नु पर्ने छ । यस्तो सूचना गाउँपालिका तथा सम्पूर्ण वडा कार्यालयहरुको सूचना बोर्डमा टाँस गर्ने व्यस्था मिलाउनु पर्ने छ ।

(ख) यस कार्यविधि अनुरुप कृषि तथा पशुपालनमा अनुदान माग गर्न चाहने वैदेशिक रोजगारबाट फर्केकाहरुले तोकिएको मिति भित्र आफूले माग गरेको अनुदान सम्बन्धि विवरण सहित अनुसूचि १ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ ।

(ग) अनुदान माग गर्न सम्बन्धित कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा सम्बन्धित वडा कार्यालयको सिफारिस, वैदेशिक रोजगारमा घटीमा ६ महिना बसेको र स्वेदश फर्किएको कम्तीमा ६ महिना तथा बढीमा दुई वर्ष भएको प्रमाण, व्यवसाय दर्ता/नवीकरण प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र, अनुभव तथा तालिमको प्रमाण-पत्रको प्रतिलिपि, व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि, अरु कुनै निकायबाट दुई वर्ष यता कृषिमा कुनै पनि प्रकारका अनुदान नलिएको स्व: घोषणा समेत संलग्न गरी सम्बन्धित शाखामा निवेदन दिनु पर्ने छ ।

### ४) प्रस्ताव मूल्याङकन समिति

१) यस कार्यविधि बमोजिम अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क) खोटेहाङ गाउँपालिकाका उपाध्यक्ष | -संयोजक |
| ख) कृषि विकास समितिका संयोजक | -सदस्य |
| ग) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाका १ कर्मचारी | -सदस्य |
| घ) कृषि विकास समितिले तोकेको एक महिला सदस्य | -सदस्य |
| ङ) कृषि/पशु विकास शाखा प्रमुख | -सदस्य सचिव |

२) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

३) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाका अध्यक्ष, वडाध्यक्षहरु तथा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

४) प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले अनुसूचि-२ बमोजिमका मूल्याङ्कनका आधारहरु अनुसार गर्नु पर्ने छ ।

५) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी क्रमश: बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरु स्वीकृत गर्नु पर्ने छ ।

६) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गर्दा आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन लिन सक्दछ ।



खोटेहाङ गाउँपालिका गाउँपालिकाको कार्यालय

प्रदीप ... अध्यक्ष गाउँपालिका

# परिच्छेद-३

## अनुदान हस्तान्तरण सम्बन्धि प्रक्रिया एवं सर्तहरु

### ५) कृषि अनुदान हस्तान्तरणमा प्राथमिकता दिइने

१) कृषि अनुदान हस्तान्तरण गर्दा देहाय बमोजिमका व्यक्तिहरुलाई प्राथमिता दिइने छ ।

- वैदेशिक रोजगारको क्रममा सम्बन्धित विषयमा (कृषि/पशुपालन) अध्ययन वा काम गरेको ।
- वैदेशिक रोजगारबाट फर्केपछि निजी फर्म दर्ता गरी सञ्चालन गरिरहेको ।
- कृषि तथा पशुपालन सम्बन्धि तालिम प्राप्त गरी व्यवसायिक कृषि/पशुपालन गरिरहेको ।
- बाँझो जमिनलाई उपयोग गरि खाध्यान्न, तरकारी, मसलाबाली तथा पशुपालन व्यसायिकरुपमा गरिरहेको ।
- खाध्यान्न बालीको हकमा कम्तीमा १५ रोपनी, तरकारी र मसलाबालीको हकमा कम्तीमा २ रोपनी जमिनमा व्यवसायिक खेती गरिरहेको ।

### ६) अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रिया

१) यस कार्यक्रमको लागि गाउँपालिकाको तर्फबाट हरेक आर्थिक वर्षमा विनियोजन हुने रकमको परिधि भित्र रही तथा यस कार्यक्रमको लागि प्राप्त प्रस्तावहरुको आधारमा कृषकहरुको क्षमता र कार्यक्रम सञ्चालन भएपछि हुने उपलब्धीहरुलाई ध्यानमा राखी मूल्याङ्कन समितिले सिफारिस गरे बमोजिमको कृषि अनुदान प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानूनको अधिनमा रही यसै कार्यविधि बमोजिमको मापदण्ड पुगेको व्यक्तिसँग सम्झौता गरी कृषि अनुदान हस्तान्तरण गरिने छ ।

२) वैदेशिक रोजगारबाट फर्केका युवाहरुको अवस्था, आवश्यकता र कृषि व्यवसायबाट हुने रोजगारीका आधारमा लागत अनुमानको ५० % अनुदान उपलब्ध गराईने छ ।

३) अनुदान कार्यक्रमको लागि छनौट भएका व्यक्ति वा फर्मले सम्झौता हुनु पूर्व खरिद गर्नु पर्ने सामग्रीहरुको हकमा लागत सहभागिता वापतको रकम गाउँपालिकाको खातामा नगदै जम्मा गरी भौचर पेश गर्नु पर्ने छ ।

८) यस कार्यक्रम अन्तर्गत उपलब्ध गराईने प्रविधिको आपूर्ति र वितरण सार्वजनिक खरिद ऐन २०६३ र सावर्जनिक खरिद नियमावली २०६४ बमोजिम गरिने छ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## ७) कृषि अनुदान अन्तर्गत सञ्चालन गर्न सकिने कार्यक्रमहरु

| क.सं | कार्यक्रमहरु | अनुदान दिईने अधिकतम रकम रु | गाउँपालिकाबाट दिइने अनुदान रकम | कृषक/समूह/सहकारीको लागत सहभागिता |
|---|---|---|---|---|
| १ | आधुनिक कृषि यन्त्र-उपकरणहरुको खरिद | १,००,०००/- | ५०% | ५०% |
| २ | टनेल/ग्रीन हाउस निर्माण | १,००,०००/- | ५०% | ५०% |
| ३ | पशु/पंक्षी पालनको लागि गोठ/खोर निर्माण | १,००,०००/- | ५०% | ५०% |
| ४ | प्लाष्टिक पोखरी | ५०,०००/- | ५०% | ५०% |
| ५ | माछा पोखरी निर्माण | १,००,०००/- | ५०% | ५०% |
| ६ | बीउ, बिरुवा, मल खरिद | २०,०००/- | ५०% | ५०% |
| ७ | उन्नत जातको पशु/पंक्षीका पाठा-पाठी खरिद | १,००,०००/- | ५०% | ५०% |
| ८ | आधुनिक माहुरी घार खरिद | १,००,०००/- | ५०% | ५०% |
| ९ | संकलन केन्द्र, चिस्यान केन्द्र निर्माण | २,००,०००/- | ५०% | ५०% |

*पुनश्च: एक व्यक्ति/फर्मले माथि उल्लेखित एक कार्यक्रमको लागि मात्र आवेदन दिन सक्ने छ ।*

## ८) अनुदान हस्तान्तरणका सर्तहरु

(क) कृषकहरुले प्राप्त गरेको अनुदानको उचित सदुपयोग गर्नु पर्ने छ ।

(ख) कृषकहरुले अनुदान प्राप्त गरेर निर्माण तथा खरिद गरेको भौतिक सामग्रीहरुको मर्मत सम्भार गर्नु पर्ने छ । यदि बिग्रेको खण्डमा आफैले खर्चगरी मर्मत सम्भार गरी प्रयोगमा ल्याउनु पर्ने छ ।

(ग) अनुदान प्राप्त गरेको मितीले ५ वर्षसम्म सम्झौता अनुसारको काम गर्नु पर्ने छ । साथै यन्त्र-उपकरणको हकमा ५ वर्षसम्म अरुलाई हस्तान्तरण गर्न पाईने छैन । यदि सम्झौता अनुसारको कार्यक्रम ५ वर्ष अगाडि नै छोडेमा वा यन्त्र उपकरणहरु अरुलाई बिक्री वितरण गरेमा सम्बन्धित कृषकलाई अनुदान वापतको रकम अशुल उपर गरी प्रचलित कानून अनुसार कार्वाही गरिने छ । साथै अनुदान लगायतका कार्यक्रमहरुबाट निजलाई बञ्चित गरिने छ ।

(घ) अनुदानमा प्राप्त कृषि यन्त्र उपकरणहरु सम्बन्धित कृषकले आफ्नो बाहेक अन्य कृषकहरुको कामको लागि प्रचलित ज्याला लिएर उपयोग गर्न यो कार्यविधिले रोक्ने छैन ।

(ङ) कृषि अनुदान अनुसुची-३ को ढाँचामा सम्झौता गराई हस्तान्तरण गर्नु पर्ने छ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# परिच्छेद ४

## ९) अनुगमन, निरिक्षण तथा मुल्याङकन सम्बन्धि व्यवस्था

यस कार्यविधि अनुसार उपलब्ध गराईने कृषि अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा अनुगमन, निरिक्षण तथा मुल्याङ्कन गर्न सक्ने छ ।

# परिच्छेद-५

## विविध व्यवस्था

## १०) बाधा अडकाउ फुकाउने अधिकार

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरुमा द्धिविधा उत्पन्न भएमा वा यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्धिविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्ने छ ।

## ११) प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

## १२) कार्यविधि संशोधन

खोटेहाङ गाउँ कार्यपालिकाले यस कार्यविधिमा समयानुकूल संशोधन गर्न सक्ने छ ।

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-१

(कार्यविधिको बुँदा नं ३ (ख) सँग सम्बन्धित

कृषि अनुदान सहयोगको लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मिति....................

श्री ..........................

कृषि/पशु विकास शाखा मार्फत खोटेहाङ गाउँपालिका, खोटाङ

खोटेहाङ गाउँपालिका, खोटाङ

**विषय: वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई प्रदान गरिने कृषि अनुदान उपलब्ध गराई दिन हुन ।**

महोदय,

खोटाङ जिल्ला खोटेहाङ गाउँपालिका .............नं वडा..........................निवासी म.................................विगत..............वर्ष..........................................देशमा वैदेशिक रोजगारीमा ..........................................मितिमा देश फर्केपछि ..........................................नामको फर्म संलग्न भई.........................................मितिमा दर्ता गरेर व्यवसायिक कृषि/पशुपालन ..........................कार्यालयमा.......................... गरिरहेको छु । मैले सञ्चालन गरिरहेको कृषि/पशुपालन फर्मको लागि........................................सामग्री/योजना अति आवश्यक परेको हुँदा उक्त सामग्री/योजना उपलब्ध गराई दिन हुन निवेदन दस्तुर बापतको राजश्व दाखिला गरी भौचर सहित यो निवेदन पेश गरेको छु ।

निवेदकको विवरण

१) आवदेकको नाम:

२) आवेदकको ठेगाना:

३) फर्मको नाम

४) फर्म सञ्चालन भएको स्थान

५) फर्म दर्ता नं र मिति:

६) वैदेशिक रोजगारमा गएको देशको नाम:

७) वैदेशिक रोजगारमा जम्मा बसेको समय:

८) वैदेशिक रोजगारबाट फर्केको मिति:

९) वैदेशिक रोजगारमा रहँदा गरेको काम/अनुभव:

१०) फर्ममा लगानी भएको पूँजी

क) स्थीर पूँजी :

ख) चाजु पूँजी:

११) फर्मबाट हुने वार्षिक आम्दानी रु :

१२) माग गरिएको सामग्री/योजनाको नाम:

खोटेहाङ गाउँपालिका कार्यालय खोटाङ

प्रदीप राई गाउँपालिका अध्यक्ष

## संलग्न कागजातहरु

१) नागरिक्तको प्रतिलिपि
२) विदेशमा बसेको र देश फर्केको मिति खुल्ने राहदानीको प्रतिलिपि
३) व्यवसाय दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपि
४) पान नंको प्रतिलिपि
५) करचुक्ताको प्रतिलिपि
६) फर्म सञ्चालन भइरहेको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि
७) विदेशमा हुँदा सम्बन्धित काम गरेको भए सो को प्रमाणित प्रतिलिपि
८) अन्य तालिमहरु लिएको भए प्रमाणपत्रको प्रतिलिपि
९) सम्बन्धित वडाको सिफारिस
१०) प्रस्तावित कार्यक्रम दुई वर्ष अगाडिदेखि हालसम्म अन्य कुनै निकायबाट अनुदानमा प्राप्त नगरेको स्व: घोषणा
११) व्यवसायिक कार्य योजना

**निवेदक**

नाम:

ठेगाना:

दस्तखत:

सम्पर्क नं:

संस्थाको छाप:

गाउँ कार्यपालिकाको कार्यालय छोटाङबजार, छोटाङ २०७३

## अनुसूची-२

कार्यविधिको बुदाँ नं ४ (४) सँग सम्बन्धित

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

सूचना अह्वान गरिएपछि प्राप्त प्रस्तावहरुलाई देहायको आधारमा मुल्याङ्कन गरिने छ ।

| क्र.सं. | मुल्याङ्कनका आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | प्रस्तावमा उल्लेखित काम नै विदेशमा गरेको प्रमाण खुलेको | २० |
| २ | मान्यता प्राप्त निकायबाट कम्तीमा १० दिनको कृषि तथा भेटेनरी सम्बन्धि तालिम लिई सम्बन्धित निकायमा दर्ता गरेर फर्म सञ्चालन गरेको | २० |
| ३ | महिला, दलित, लोपउन्मुख र गाउँपालिकाले पहिचान गरेको अति विपन्न घर परिवारमा सूचिकृत भएको | २० |
| ४ | कृषि तथा पशुजन्य व्यवसाय सञ्चालन गर्दा परिवारको सदस्य बाहेक अन्यलाई पनि रोजगारी दिइरहेको भए | २० |
| ५ | व्यवसायिक कार्य योजना | २० |

**पुनश्चः**

१) माथि उल्लेखित आधारमा मुल्याङ्कन गर्दा कम्तीमा ५० अङ्क प्राप्त गर्ने कृषक/फर्मलाई मात्र छनौट गर्नु पर्ने छ ।

२) कृषि/पशुपालन व्यवसाय दर्ता/नविकरण नगरेको, ६ महिना विदेश बसेको प्रमाण नखुल्ने र व्यवसायिक कार्ययोजना पेश नगर्ने कृषकको आवेदनलाई मुल्याङ्कनमा सहभागी गराईने छैन ।

# अनुसूची-३

(कार्यविधिको बुदाँ नं ८ (ङ) सँग सम्बन्धित

**वैदेशिक रोजगारबाट फर्केका युवालाई दिइने कृषि अनुदान हस्तान्तरणको सम्झौता**

लिखित् खोटाङ जिल्ला खोटेहाङ गाउँपालिका..........नं वडा........................टोल बस्ने म श्री.......................................................ले यस गाउँपालिकाबाट मिति...................................मा प्रकाशित.............................................................................................................................शिर्षकको सूचना बमोजिम ......................................................कृषि/पशुपालन फार्मको तर्फबाट आवश्यक पर्ने ........................................सामग्री/योजना माग गरेको छु । मैले यस कार्यविधिलाई राम्ररी बुझेको छु । प्राप्त गरेको अनुदानको सही उपयोग गर्ने छु । आजका मितिले ५ वर्षसम्म कार्ययोजनामा उल्लेखित काम गर्ने छु । यो सम्झौता विपरित काम गरेको प्रमाणित भएमा गाउँपालिकाबाट अनुदान स्वरुप प्राप्त गरेको रकम फिर्ता गर्नुका साथै भविष्यमा गाउँपालिकाद्वारा प्रदान गरिने कुनै पनि अनुदानको लागि अयोग्य हुन मञ्जुर भई यस सम्झौतामा सहीछाप गरिदिएँ ।

## प्राप्त गरेको उपकरणको विवरण

| सि. नं | सामग्री/योजनाको नाम | परिमाण | दर | गा.पा.को अनुदान | लागत सहभागिता | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**गाउँपालिकाको तर्फबाट**

दस्तदत

कर्मचारीको नाम

पदः

मितिः

छापः

**रोहवर**

दस्तखत

अध्यक्ष/उपाध्यक्षको नाम

पदः

मितिः

**कृषक/फर्मको तर्फबाट**

दस्तखत

कृषकको नामः

पदः

मितिः

छापः

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७७ साल पौष १६ गते बसेको गाउँ कार्यपालिका बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु।

(प्रदिप राई)

अध्यक्ष

मिति :- २०७७/०९/१६